# श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय राजदरवारको

## सूचना

**वर्गीय संगठनका केन्द्रीय कार्य समितिका सदस्यहरूको आचरण (दोस्रो संशोधन) संहिता, २०३०**

वर्गीय संगठनका केन्द्रीय कार्य समितिको सदस्यहरूको आचरण संहिता, २०२४ (यसपछि मूल संहिता भनिएको) मा संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ६७ (ग) को उप-धारा (२) को खण्ड (ख) बमोजिम राजसभासंग परामर्श गरी बक्सी देहायको आचरण संहिता बनाइबक्सेको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (क) यो संहिताको नाम "वर्गीय संगठनका केन्द्रीय कार्य समितिका सदस्यहरूको आचरण (दोस्रो संशोधन) संहिता, २०३०" रहेको छ ।

(ख) यो संहिता तुरून्त प्रारम्भ हुनेछ ।

२. मूल संहिताको नियम २ मा संशोधनः– मूल संहिताको नियम २ को सट्टा देहायको नियम २ राखिएको छ–

"२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमा–

(क) "वर्गीय संगठन" भन्नाले वर्गीय संगठन तथा व्यावसायिक संगठनलाई जनाउँछ ।

(ख) "सदस्य" भन्नाले वर्गीय तथा व्यावसायिक संगठनका केन्द्रीय कार्य समितिका सभापति र उप-सभापति समेतलाई जनाउँछ । "

३. मूल संहिताको नियम १२ मा संशोधनः– मूल संहिताको नियम १२ को सट्टा देहायको नियम १२ राखिएको छ–

"१२. संहितासम्बन्धी उजूरी हेर्ने व्यवस्थाः– (१) वर्गीय संगठनका केन्द्रीय कार्य समितिका सदस्यहरूले संहितानुसार गर्नु पर्ने आचरण गरेको छैन भन्ने उजूरी देहायका आयोग र समितिले हेर्नेछन्–

(क) केन्द्रीय सभापति उपरको उजूरी राष्ट्रिय पञ्चायतका सदस्यहरूको आचरण-सम्बन्धी उजूरी हेर्ने आयोग ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) सभापति बाहेक केन्द्रीय समितिका अन्य कुनै सदस्य उपरको उजूरी गाउँ फर्क राष्ट्रिय अभियान केन्द्रीय समिति ।

(२) उप-नियम (१) को खण्ड (क) बमोजिम उजूरीसम्बन्धी कारवाई राष्ट्रिय पञ्चायतका सदस्यहरूको आचरणसम्बन्धी उजूरी हेर्ने आयोगको कार्यविधि नियमहरू, २०२६ बमोजिम हुनेछ र यसरी कारवाई भई संहिताबमोजिम आचरण गरेको छैन भनी आयोगले ठहराएको प्रतिवेदन श्री ५ महाराजाधिराजबाट स्वीकृति गरिबक्सेमा वर्गीय संगठनका केन्द्रीय कार्य समितिका त्यस्ता सदस्य निष्काशित भएको मानिनेछ र त्यसरी निष्काशित भएपछि निजको स्थान स्वतः रिक्त हुनेछ ।

(३) उप-नियम (१) को खण्ड (ख) बमोजिमको समितिले आफ्नो आन्तरिक कार्यविधि आफैं व्यवस्थित गर्न सक्नेछ ।

(४) यो नियमानुसार कारवाई भई संहिताबमोजिम आचरण नगरेको ठहरिएमा सो सदस्यहरूलाई पाँच वर्षसम्म पञ्चायत, वर्गीय एवं व्यावसायिक संगठनको कुनै पनि निकायको चुनाव लड्न नपाउने गरी सो पदबाट निष्काशित गर्न सकिनेछ । त्यसरी निष्काशित भएपछि निजको स्थान स्वतः रिक्त हुनेछ । ”

हुकुम बक्सेबमोजिम,
कल्याणविक्रम अधिकारी
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग